# बुलिङटार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बुलिङटार नवलपरासी बर्दघाट सुस्ता पूर्व

## गण्डकी प्रदेश नेपाल

**आ.व. २०८२/०८३ को ढुंगा, गिट्टी र बालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/१४ गते ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) ले दिएको अधिकार प्रयोग गरी यस बुलिङटार गाउँ कार्यपालिकाको निर्णयानुसार कालीगण्डकी नदीको तपशिल बमोजिमको घाटक्षेत्रबाट प्राकृतिक स्रोत बापतको कर असुली सम्बन्धी कार्य गर्न आ.व. २०८२/०८३ को लागि ठेक्का प्रक्रिया द्वारा गर्नुपर्ने भएकोले ढुंगा, गिट्टी र बालुवा, उत्खनन् गरी बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम फर्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, ठेक्काको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बिधुतिय (E-Bid) माध्ययमबाट बोलपत्र प्रकियकमा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल :

| सि.न. | ठेक्का नं. | घाटको नाम | उत्खनन् परिमाण (घन मि.) | न्यूनतम रकम मु.अ.कर समेत | बोलपत्र दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | BUL/NCB/GOODS/ghumarighat/01/082/083 | घुमारीघाट (क) क्षेत्र बुलिङटार–६ | ६६६६ | १८६२२८०.४२ | रु. ३००० | रु. ४८,००० | मिति २०८२/०९/१६ गते दिनको १२:०० बजे सम्म | मिति २०८२/०९/१६ गते दिनको १३:०० बजे |
| २. | BUL/NCB/GOODS/kaudeghat/02/082/083 | कौडेघाट क्षेत्र बुलिङटार–६ | ७२९६ | २०३८२८३.५२ | रु. ३००० | रु. ५४,००० | | |
| ३. | BUL/NCB/GOODS/satighat/03/082/083 | सतिघाट क्षेत्र बुलिङटार–३ | ६९९९ | १९५५३१०.६३ | रु. ३००० | रु. ५०,००० | | |
| ४. | BUL/NCB/GOODS/Bhelluri/04/082/083 | भेल्लौरीघाट क्षेत्र बुलिङटार–२ | ६९४३.५ | १९३९८०५.६ | रु. ३००० | रु. ५०,००० | | |
| ५. | BUL/NCB/GOODS/Bhagarghat/05/082/083 | भागरघाट क्षेत्र बुलिङटार–१ | ६९९९ | १९५५३१०.६३ | रु. ३००० | रु. ५०,००० | | |

बोलपत्र दस्तुर जम्मा गर्नको लागि नबिल बैक लि. बुलिङटार शाखा कार्यालय बुलिङटारमा रहेको यस कार्यलयको राजश्व खाता २३३०१०१७५०००४३ मा जम्मा गरेको नगद भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

धरौटी रकम यस कार्यलयको नबिल बैक लि. बुलिङटार शाखा कार्यलय बुलिङटारमा रहेको धरौटी खाता २३३०१०१७५०००२८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

नोटः बिधुतिय (E-Bid) माध्ययमबाट मात्र बोलपत्र पेश गर्नुपर्ने हुदा www.bolpatra.gov.np बाट बौलपत्र डाउनलोड गरी अपलोड गर्न सकिनेछ ।

विष्णु बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१. स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ जसमध्ये पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०८३ अषाढ मसान्त सम्म मान्य हुने कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८२ साल चैत्र मसान्त भित्र भूक्तानी गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समायोजन गर्न पाईने छैन ।

२. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता कार्य सम्पादन जमानत बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

३. नदी किनार तथा आसपासका वनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको वहाव परिवर्तन नहुने गरि सुर्योदय देखि सुर्यास्त सम्ममा नदीजन्य पदार्थ झिक्न पाईनेछ। हावा चलेको बेलामा पानी चुहिने गरि धुलो उड्ने गरि ओभरलोड हुने गरि ढुवानी गर्न पाईने छैन।

४. घाटसम्म जाने बाटोको निकास आँफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ।

५. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरि सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरि निर्माण गर्नुपरेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ।

६. ढुङ्गा, रोडा, गिट्टी र बालुवा समेतको कारोबार गर्दा बालश्रमको प्रयोग निषेध गरिएको छ। वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन। मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ।

७. नदि, खोला, बगर एवं सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलित मालबस्तु जम्मा गर्न पाईने छैन।

८. बोलपत्रका सम्बन्धमा थप केही बुझ्नपरेमा कार्यालय समयमा प्राबिधिक/राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. आ.व. २०८२/०८३ का केही महिना नेपाल सरकारको निर्णयले घाट बन्द भएमा कार्यसमयावधि सोही बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोही समयावधिमा विक्री गर्नुपर्नेछ। त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

१०. बोलपत्रदाताले आफुले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

११. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरू पालना गर्नुपर्ने शर्तहरू, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरू, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, रोडा, गिट्टी र बालुवाको परिमाण समेतका विषयहरू सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

१२. नेपाल सरकारलाई बुझाउनुपर्ने अन्य करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ।

१३. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।

१४. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ। कार्यालयले आवश्यक नठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रकृया रद्द गर्न सक्नेछ।

१५. ठेक्का सम्झौता गर्दा कवोल अङ्कको मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

विष्णु बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

१६. बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुनेगरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।

१७. प्रचलित नियमानुसार कालो सूचीमा परेको र गाउपालिकाको कार्यालयलाई बुझाउनपर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. गाउपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०८१ (IEE) मा उत्खनन स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन् गर्न पाइने छैन यसरी उत्खनन् नतोकिएको स्थानबाट संकलन/उत्खनन् गरेको पाईएमा गाउपालिकाद्धारा तोकिएको जरिवाना गरी नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

१९. माथि उल्लेखित नभएका र बाँझिएका शर्तहरु नेपाल सरकारबाट जारी भएको ढुङ्गा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, गाउपालिकाबाट कालीगण्डकी नदीको स्वीकृत प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०८१ (IEE) र प्रचलित ऐन कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरू पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

२०. बोलपत्रदाता र गाउँपालिका विच ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उठेमा बुलिङटार गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा बोलपत्रदाताको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भइ सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ।

बोलपत्रदाताको

नाम :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

हस्ताक्षर :

फर्म वा कम्पनीको छाप :